## अनुसूची-१
## (दफा ९(२) र १२(२) सँग सम्वन्धित
## आपुर्तिकर्ता र उपभोक्ताहरुले निवेदन तथा प्रस्ताव साथ संलग्न गर्नुपर्ने कागजातहरु

(क) आपुर्तिकर्ताको लागीः

१. संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी,
२. संस्था नविकरण प्रमाणको प्रमाणित प्रतिलिपि वा कम्पनी भएमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्रको प्रमाणित प्रतिलिपि,
३. संस्थाको PAN वा VAT प्रमाण प्रत्रको प्रतिलिपि,
४. पछिल्लो तीन आ.व.को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी,
५. गत आ.व.को कर चुक्ता प्रमाण प्रमाणपत्रको प्रतिलिपी,
६. आधिकारिक एजेन्ट (Authorized Agent) को प्रमाण पत्रको प्रतिलिपी,
७. कृषि औजार यन्त्र उपकरणहरुको स्पेसिफिकेसन खुल्ने सक्कल क्याटलग,
८. सम्भव भएसम्म वुझिने भाषामा आधिकारिक टेष्ट सर्टिफिकेटको प्रमाणित प्रतिलिपी,
९. आधिकारिक डिलर वा सर्भिस सेन्टरको संस्था दर्ता, PAN वा VAT प्रमाण पत्र र सम्झौता पत्रको प्रमाणित प्रतिलिपी,
१०. अनुसुची-३ को वुदा नं. १० मा उल्लेख गरेका एक आ.व.मा आपुर्ति गर्न सक्ने कृषि औजार यन्त्र उपकरणहरुको ग्यारेन्टी वापत कार्यान्वयन निकायले तोके अनुसारको म्याद र रकम भएको वैक ग्यारेन्टी वा सो वरावरको रकम तोकिएको खातामा जम्मा गरेको सक्कल भौचर ।

(ख) व्यक्तिगत कृषक, कृषक समुह र उपभोक्ता समुहहरुको लागीः

१. व्यक्तीको हकमा नागरिकता र समुहको हकमा समुह दर्ता प्रमाण पत्रको प्रतिलिप,
२. समुहको निर्णय प्रतिलिपी,
३. समुहले अनुदान प्रक्रियाको लागी जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र,
४. अधिकार प्राप्त पदाधिकारी वा व्यक्तीगत कृषकको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो १ प्रति,
५. यदि समुहको कुनै सदस्यले एकल रुपमा कृषि यन्त्र उपकरणहरु लिन चाहेमा समुहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नु पर्ने,
६. समुहको कुनै सदस्यले कृषि औजार यन्त्र उपकरणहरुको सञ्चालन तथा मर्मत सम्वन्धि तालिम लिएको भए सोको प्रमाण पत्रको प्रतिलिपि,
७. जग्गाधनी पुर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको पुर्जाको प्रतिलिपी,
८. आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने प्रमाणको प्रतिलिपी,
९. आफुले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए कम्तीमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपी ।

(ग) कृषि वा वहुउद्धेश्यिय सहकारी संस्था, निजि कृषि फर्म वा कम्पनी र कृषि उद्यमीको लागीः

१. संस्था वा फर्म, कम्पनी दर्ता प्रमाण पत्रको प्रतिलिपी,
२. संस्था वा फर्म, कम्पनी नविकरण प्रमाणको प्रतिलिपी वा कम्पनी भएमा कम्पनी रजिष्ट्राको कार्यालयबाट गरिने कम्पनी अद्यावधिक भएको पत्र,
३. संस्था वा फर्म, कम्पनीको प्यान वा भ्याट प्रमाण पत्रको प्रतिलिपी,

४. लेखापरीक्षणको प्रमाणित प्रतिलिपी,

५. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,

६. संस्था वा फर्म, कम्पनीको निर्ण प्रतिलिपी,

७. संस्था वा फर्म, कम्पनीले अनुदान प्रक्रियाको लागी जिम्मेवारी दिई खटाएको अख्तियारी पत्र,

८. अख्तियारी प्राप्त पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो १ प्रति,

९. संस्था वा फर्म, कम्पनीले भोगचलन गर्दै आएको जग्गा करारमा लिएको भए कम्तीमा ५ वर्ष सम्झौता अवधि रहेको प्रमाणको प्रतिलिपी,

१०.जग्गाधनी पुर्जाको प्रतिलिपी वा जग्गाको कर तिरेको पुर्जाको प्रतिलिपी ।